जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७७/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३०१ • २०८२ भदौं ४ गते बुधवार • 20 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

मुलुकमा सुशासन तथा समृद्धिको यात्रा पुरा गर्नका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी: लेखी

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ भदौं

मधेस प्रदेशका गृह सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले मुलुकमा सुशासन तथा समृद्धिको यात्रा पुरा गर्नका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनुभएको छ। मंगलबार १९ औं राष्ट्रिय सुचना दिवसको अवसरमा गृह, सञ्चार तथा कानुन मन्त्रालयले बर्दिबासमा आयोजना गरेको 'सूचनाको हक कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम' मा सञ्चारमन्त्री लेखीले वर्तमान संविधानले सूचनाको हकलाई जनताको मौलिक हकको रूपमा अङ्गीकार गरेकाले यसको कार्यान्वयनमा राजनीति नेतृत्व, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षा निकाय गम्भीर र जबाफदेही बन्न जरुरी रहेको बताउनुभयो।

उहाँले सूचनाको हकको कार्यान्वयनले लोकतन्त्र तथा गणतन्त्र बलियो हुने भएकाले सूचनाको हकका विषयमा आम जनता समक्ष प्रचार प्रसार हुन जरुरी रहेको बताउँदै यसका लागि सञ्चार माध्यम बढी जिम्मेवार बन्न जरुरी रहेको बताउनुभयो। गृहमन्त्री लेखीले सभ्य तथा पारदर्शी समाजको निर्माणका लागि सूचनाको हक हरेकले कार्यान्वयन गर्न जरुरी रहेको बताउँदै यसका कार्यान्वयन गर्नका लागि आम सञ्चार जगतको ठुलो भूमिका रहेको बताउनुभयो । सो कार्यक्रममा सुचनाको हकको लागि राष्ट्रिय महासंघ मधेस प्रदेशका अध्यक्ष डा अजय साहले मधेस प्रदेश प्रदेशमा सुचनाको हक कार्यन्वयनको अवस्था बारे एक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

डा साहले प्रस्तुत गर्नुभएको कार्यपत्रमा मधेस प्रदेशमा सूचनाको हक कार्यान्वयन आंशिक मात्र देखिएको उल्लेख गर्नुभयो । उहाँले कानुनी व्यवस्था बलियो भए पनि नागरिक सचेतना, प्रविधि, संस्थागत संरचना र सरकारी निकायको इच्छाशक्ति कमजोर भएकाले यो ऐन को प्रभावकारी कार्यान्वयन नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "यदि नागरिक समाज, सञ्चार माध्यम, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गरी सचेतना, प्राविधिक पहुँच र प्रोएक्टिभ डिस्क्लोजरलाई सुदृढ गरियो भने तथा प्रदेश स्तरमा अलग्गै सुचना आयोगको व्यवस्था/गठन गरी मधेस प्रदेशमा सूचना अधिकारलाई व्यवहार मै सफलतापूर्वक लागू गर्न सकिन्छ।

यसले लोकतान्त्रिक अभ्यासलाई बलियो पार्ने मात्र होइन, सुशासन र जवाफदेहिता पनि सुनिश्चित गर्नेछ ।" कार्यक्रममा मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सरेश यादवले सुचनाको हक राष्ट्रिय र अन्तराष्ट्रिय अभ्यासहरु बारे चर्चा गर्नुभएको थियो । आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जीतेन्द्र खड्गाले सूचनाको हक कार्यान्वयनका लागि प्रदेश सरकारका निकायहरू बढी संवेदनशील तथा जबाफदेही बन्न जरुरी रहेको बताउनुभयो । मन्त्रालयका उपसचिव ओम प्रकाश महतोले सूचनाको हक सम्बन्धी कानुन तथा यसको कार्यान्वयनको अवस्थाविषयमा छुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सूचनाको हक सम्बन्धी राष्ट्रिय दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा सहभागीहरूले मुलुकमा सुशासन, पारदर्शिता तथा जवाफ देहीताका लागि सूचनाको हकको कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्न जरुरी रहेको बताउनुभयो।

मधेश प्रदेश शिक्षा सुधारमा अवधारणाका साथ अघि बढ्दै : मुख्यमन्त्री

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ भदौं

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकार मधेश प्रदेश शिक्षा सुधारमा अवधारणाका साथ अघि बढेको जनाउनुभएका छन । मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयले मंगलबार जनकपुरधाममा आयोजना गरेको एसइई परीक्षा २०८१ मा मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरी गरी पाँच जिल्लाका प्रत्येक स्थानीय तहबाट उत्कृष्ट नतिजा ल्याउन सफल छात्र र छात्राहरुलाई साईकल वितरण कार्यक्रममा उहाँले यस्तो जनाउनुभयो । उहाँले दिनानु दिन शिक्षाको स्तर खस्किदै गएको मधेश प्रदेशको शिक्षाको गुणस्तर सुधारका लागि विद्यार्थी, शिक्षक, अभिभावक र सम्बन्धित सरकोकारवाला सबैलाई अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

उहाँले यस वर्ष एसइईमा मधेश प्रदेशको कमजोर रिजल्टका बावजुद उत्कृष्ट रिजल्ट ल्याउन सफल भएका विद्यार्थीलाई अगामी दिनको उज्ज्वल भविश्यको कामनाका साथ बधाई दिनुभयो । मुख्यमन्त्री सिंहले राष्ट्रलाई आगामी दिनमा कसरी अघि बढाउने विषयको अभिरा पनि यहाँहरुको काँधमा आउन सक्ने भन्दै राष्ट्रको समृद्धि र विकासमा योगदान दिन पनि आग्रह गर्नुभयो । उहाँले विगतमा मधेश प्रदेशको शिक्षाको स्तरको देशभरी आफनो छुट्टै पहिचान रहेको थियो भन्दै त्यो पहिचान पुनः कायम गर्न आगामी दिनमा प्रदेश सरकारले योजनाबद्ध रुपमा कामकाज अघि बढाउने बताउनुभयो ।

उहाँले २०७५ सालदेखि मधेश प्रदेश लोकसेवा आयोगले लिएका रिजल्ट पेन्डिङमा रहेको कारण आफूले सरकारको नेतृत्व समाल्दा लोकसेवा आयोग मधेश प्रदेशमा रिक्त रहेको पदाअधिकारीको पदपूर्ति गरेको भन्दै आयोगको पदाअधिकारी नियुक्ति भएपछि करिव साढे पाँचसय जति कर्मचारीको सिफारिस भएको बताउनुभयो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

मानव बेचविखन अपराध हो ।
- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

स्थानिय व्यवसायको प्रबर्द्धन गर

नेपालमा अहिले तीन तहको सरकार रहेको छ। जसमा संघीय सरकार,प्रदेश सरकार तथा स्थानिय सरकार रहेका छन्। अहिले जम्मा ७ सय ५३ वटा पालिकाहरु मध्ये ६ वटा महानगरपालिका,११ वटा उपमहानगर पालिका,२ सय ७६ वटा नगरपालिका तथा ४ सय ६० वटा गाउँपालिकाहरु रहेका छन्।

स्थानिय स्तरमा पालिका भित्र विभिन्न व्यवसायीहरु निजी तबरबाट आ–आफ्ना व्यवसाय सम्बन्धीत निकायबाट दर्ता लिई संचालनमा रहेका हुन्छन्। तिनीहरुको स्थानिय विकासमा स्थानिय जनतादेखि स्थानिय सरोकारबाला निकायहरुकै प्रमुख भूमिका रहेको हुन्छ। त्यसकारण स्थानिय पालिका तथा स्थानिय सरोकारबाला निकायहरुले स्थानिय व्यवसायको प्रबर्द्धन तथा विकासमा अग्रणी भूमिका खेल्न आवश्यक रहेको देखिन्छ। साथै स्थानिय संघसंगठन तथा व्यवसायको प्रबर्द्धन तथा विकास विना स्थानिय समग्र क्षेत्रको विकासको परिकल्पना समेत गर्न सकिदैन। स्थानिय स्रोत साधनहरुको समेत स्थानिय तबरबाटै सदुपयोग हुन आवश्यक देखिन्छ। स्थानिय पर्यटनलाई समेत प्रबर्द्धन तथा विकास गर्नमा स्थानिय सरकार तथा अन्य सरोकारबालाहरुले पहल गर्न आवश्यक रहेको देखिन्छ। तर कतिपय अवस्थामा स्थानिय स्रोत साधनहरुका उपलब्धता भए पनि स्थानिय सरकार तथा सम्बन्धीत निकायले बाह्य स्रोत साधनहरुमाथि भर परी स्थानिय व्यवसाय तथा स्रोत साधनहरुलाई अप्रत्यक्ष रुपमा निरुत्साहित गरेका हुन्छन् जसले गर्दा स्थानिय विकास नकारात्मक रुपमा प्रभावित हुन्छन्। त्यसकारण स्थानिय विकासमा सबैको ध्यान केन्द्रीत हुन आवश्यक देखिन्छ।

प्राविधिक टोलीद्वारा पानीको स्रोत चुरे क्षेत्रको स्थलगत अवलोकन

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ भदौं

धनुषाको मिथिला नगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यान्वयन एकाइ ढल्केबरका प्राविधिक टोलीले पानीको स्रोत चुरे क्षेत्रको स्थलगत अवलोकन गरेका छन्। चुरेको पानी चुरे क्षेत्रमा रोकेर जमिनमुनि जल पुर्नभरण गर्ने उपाय खोज्नका लागि मिथिला नगरपालिकाभित्र पर्ने चुरे क्षेत्रको स्थलगत अवलोकन गरिएको हो।

कार्यान्वयन इकाइका प्रमुख प्रेमीप्रसाद साहले खोलाबाट बगेर खेर गइरहेको पानीलाई जमिनमुनि जल पुर्नभरण गर्ने उपाय खोज्ने उद्देश्यले औहरी र बसही खोलाको मुहान क्षेत्रसम्म अवलोकन गरिएको बताउनुभयो। भौगोलिक र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा चेक ड्याम निर्माण गर्न सकिने बताउँदै उहाँले यसका लागि वन मन्त्रालय र विज्ञ समूहको थप अध्ययन पश्चात निर्माण प्रक्रिया अघि बढाउने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस वर्ष लामो खडेरीका कारण तराईमा जमिनमुनिको पानी तल पुगेको छ। जसले गर्दा चापाकल, इनार र स्यालो ट्युबवेलबाट पानी आउन छाडेको छ।" खेत सिँचाइमा पनि समस्या देखिएको छ।

यदि चुरे क्षेत्रमा चेक ड्याम लगायतका संरचना निर्माण गरी बगेर जाने पानी रोक्न सकियो भने जमिनमुनि पुनर्भरण हुन्छ र भूमिगत पानीको सतह माथि आउने प्रमुख साहको भनाइ छ। मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले वर्षाको पानी चुरे क्षेत्रमा रोक्ने उपायका लागि निरन्तर पहल गर्दै आएको बताउनुभयो। उहाँले पालिकाको तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै चुरेबाट उत्पती भएको खोलाहरुमा चेक ड्याम निर्माण गरेर बगरे खेर गइरहेको पानीलाई जमिनमुनि पठाउन सकियो भने अहिले देखिएको पानीको सङ्कटमा सुधार जानकारी दिनुभयो। कार्यान्वयन इकाइका प्राविधिक रामईश्वर साहले औरही खोलामा चार र बसही खोलाको दुई स्थानमा चेक ड्याम निर्माण गर्न प्रारम्भिक ठाउँ छनोट गरिएको बताउनुभयो। थप अध्ययन पश्चात भौगोलिक तथा प्राविधिक हिसाबले उचित हुने स्थानमा चेक ड्याम निर्माणका लागि प्रक्रिया अगाडि बढाउने उहाँले जानकारी दिनुभयो। वर्षाको पानी चुरे क्षेत्रमा रोक्नुको विकल्प नभएको बताउँदै यसले जमिनमुनि पानीको भण्डारण बढ्ने जानकारी दिनुभयो।

उपमेयरको छोराविरुद्ध पक्राउ पुर्जी जारी

जलेश्वरटुडे समाचारदाता
रौतहट, ३ भदौं

फतुवा विजयपुर नगरपालिकामा भएको अनियमितता र भ्रष्टाचार सम्बन्धी समाचार लेख्ने पत्रकारमाथि गरिएको दुर्व्यवहार प्रकरणमा उपमेयर (कावा मेयर) अम्बेया खातुनका छोरा मोहम्मद सनाउल्लाहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। इलाका प्रहरी कार्यालय विजयपुरको अनुरोधमा जिल्ला अदालत रौतहटले सोमवार सनाउल्लाहलाई पक्राउ गर्न आदेश दिएको इन्स्पेक्टर सुरेन्द्र यादवले जानकारी दिएका छन्। पत्रकार कृष्ण तिवारीमाथि गत साउन ३० गते नगरसभा कार्यक्रममा सहभागी हुन जाने क्रममा सन्तपुर चौक नजिकै रोकेर सनाउल्लाह द्वारा दुर्व्यवहार गरिएको थियो।

पीडित तिवारीले दिएको जाहेरी पछी रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीको निर्देशनमा इलाका प्रहरी कार्यालय विजयपुरले घटनाको अनुसन्धान गरी गत आइतबार कावा मेयर पुत्र सनाउल्लाहमाथि केही अभद्र मुदा दर्ता गरेको थियो। इलाका प्रहरी कार्यालय बिजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवले कावा मेयर खातुनको छोरा सनाउल्लाह लाई खोजतलास गरी पक्राउ गर्न प्रहरीको छुट्टै टोली परिचालन गरिएको जानकारी दिएका छन्।

अनुरोधकर्ता
भू तथा जलाधार व्यवस्थापन कार्यालय
जलेश्वर,महोत्तरी, मधेश प्रदेश

तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन:शुभ कार्यको शुरुवात

मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।

आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

आवश्यक टेलिफोन नम्बरहरु

जलेश्वर

नेपाल पत्रकार महासंघ महोत्तरी	५२०५१५
जलेश्वरअस्पताल एम्बुलेन्स	९७४४००२५२७
नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स	५२०१००,
सामुदायिक विकास परि.एम्बुलेन्स	५२१००५,
RCDSC एम्बुलेन्स	५२०२९८,
दसहारा एम्बुलेन्स	५२०६७७, ९८४४२६००००
बर्दिबास अस्पताल एम्बुलेन्स	५५००९०,
बर्दिवास सेवा समिति एम्बुलेन्स	५५०५८६,
रामगोपालपुर एम्बुलेन्स	६९०५९३
जिल्ला प्रहरी	५२०००९
विद्युत	५२०१६६
वारुण यन्त्र	५२००९७
जिल्ला प्रशासन	५२००५५

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

जनकपुर

प्रहरी धनुषा	520099, 100
सुरक्षा गुल्म जनकपुर बैरेक	0186,526586
सशस्त्र प्रहरी मुजेलिया	527213, 527800
मुजेलिया प्रहरी चौकी	520750
ट्राफिक कार्यालय जिरोमाईल	520366
एम्बुलेन्स पब्लिक वेल फेयर	9854022474
एम्बुलेन्स रेडक्रस	102
एम्बुलेन्स (सरोज फाउन्डेशन)	522806
महाबीर एम्बुलेन्स	525980
एम्बुलेन्स मेडिकल कलेज	526091
एम्बुलेन्स केयर मेडिकल सेन्टर	523864
बरुण यन्त्र जनपा	520011
जिल्ला जनस्वास्थ्य कार्यालय	526271
जनकपुर अंचल अस्पताल	520033
केयर मेडिकल सेन्टर	523864
धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	525800
जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर	525342

जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

इजरायलसँगको द्वन्द्व कुनै पनि बेला भड्किन सक्ने इरानको चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ भदौं

इरानका वरिष्ठ अधिकारीहरूले इजरायलसँगको हालको शान्ति अस्थायी मात्र रहेको र कुनै पनि बेला द्वन्द्व पुनः सुरु हुन सक्ने चेतावनी दिएका छन् ।

प्रथम उपराष्ट्रपति मोहम्मद रेजा अरेफले गत जुनमा १२ दिनसम्म चलेको युद्धपछिको वर्तमान अवस्थालाई 'शत्रुताको अन्त्य'को चरण मात्र भएको बताए। "हामी हरेक क्षण मुठभेडका लागि तयार रहनुपर्छ । अहिले हामी युद्धविराममा पनि छैनौं," उनले भने। गत जुनमा भएको द्वन्द्वमा इजरायलले इरानी सैन्य तथा आणविक स्थलहरूमा बमबारी गरेको थियो, जसमा एक हजारभन्दा बढीको मृत्यु भएको थियो । यसको बदलामा इरानले क्षेप्यास्त्र र ड्रोन आक्रमण गर्दा इजरायलमा पनि ठूलो क्षति पुगेको थियो ।

यस विषयमा इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका सैन्य सल्लाहकार याह्या रहिम सफावीले पनि इरानले सबैभन्दा खराब परिस्थितिसँग जुझ्नका लागि योजना बनाइरहेको बताएका छन्। "हामी अहिले युद्धविराममा छैनौं, हामी युद्धको चरणमा छौं, यो कुनै पनि बेला टुट्न सक्छ," उनले भने।

पश्चिमा राष्ट्रहरूले इरानले आफ्नो आणविक कार्यक्रममार्फत आणविक हतियार बनाउन खोजेको आरोप लगाउँदै आएका छन्।

संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले इरानले सन् २०१५ को सम्झौतामा तोकिएको ३.६७ प्रतिशतको सीमाभन्दा धेरै माथि ६० प्रतिशतसम्म युरेनियम संवर्द्धन गरिरहेको चेतावनी दिएको छ। आणविक हतियारका लागि ९० प्रतिशतसम्म संवर्द्धन आवश्यक हुन्छ।

लगे रहो मुन्नाभाई र थ्री इडियट्स जस्ता फिल्ममा काम गरेका अभिनेता पोतदारको निधन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ भदौं

हिन्दी र मराठी चलचित्रका प्रसिद्ध चरित्र अभिनेता अच्युत पोतदारको सोमबार राति मुम्बईसँगै रहेको ठाणे जिल्लाको जुपिटर अस्पतालमा निधन भएको छ। अस्पताल स्रोतका अनुसार उनलाई सोमबार गम्भीर अवस्थामा अस्पतालको आईसीयूमा भर्ना गरिएको थियो। धेरै नाटक, हिन्दी-मराठी टिभी सिरियल र चलचित्रहरूमा अभिनय गरेका अच्युत पोतदारको उमेर ९१ वर्ष थियो।

उनको अन्तिम संस्कार आज ठाणेमा गरिनेछ । ८० को दशकमा अभिनय जगतमा प्रवेश गरेका पोतदारले आक्रोश, अर्ध सत्य, तेजाब, परिन्दा, रङ्गिला, लगे रहो मुन्नाभाई र थ्री इडियट्स जस्ता ठुला हिन्दी फिल्ममा काम गरे। यसबाहेक उनले ९० भन्दा बढी टिभी सिरियल र २५ भन्दा बढी नाटकहरूमा पनि अभिनय गरे । मध्य प्रदेशको जबलपुरमा जन्मिएका अच्युत पोतदार आफ्नो करियरको सुरुवाती दिनहरूमा रेवामा शिक्षक थिए। त्यसपछि १९६२ मा उनी 'आपत्कालीन आयोग' अन्तर्गत सेनामा भर्ती भए। यसपछि उनले सरकारी तेल कम्पनीमा काम गरे र त्यसपछि थिएटर कलाकार सत्यदेव दुबेसँग रङ्गमञ्चमा अभिनय गर्न थाले। सन् १९६७ मा सेनाबाट क्याप्टेनको रूपमा अवकाश लिएपछि, अच्युत पोतदारले आफ्नो अवकाश नहुँदासम्म इन्डियन आयल कर्पोरेसनमा वरिष्ठ पदमा काम गरे। यस समयमा, उनले अभिनयमा पनि रुचि लिन थाले र चाँडै नै हिन्दी-मराठी चलचित्र र टिभी कार्यक्रमहरूमा अभिनय गर्न थाले र यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान स्थापित गरे।

मधेस प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

जलेश्वर,महोत्तरी

मौजुदा सूचि दर्ता गराउने सम्बन्धि संशोधित सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०५।०३

यस कृषि ज्ञान केन्द्र महोत्तरीको लागि चालु आ.व.२०८२।०८३ मा आवश्यक पर्ने सामान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व.२०८०।०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावलि २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन तथा आ.व.२०८१।०८२ को व्यवसाय नविकरण भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति ।
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मरम्मत सम्बन्धी कार्य ।
३. मेशिनरी औजार (कम्प्यूटर, प्रिन्टर, फोटोकाँपी मेशिन आदी) तथा ईलेक्ट्रिकल सामान आपूर्ति तथा मरम्मत ।
४. भवन मरम्मत सम्भार तथा निर्माण सम्बन्धी सेवा ।
५. कुरियर सेवा ।
६. प्रशासनिक विषयसँग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषयसँग सम्बन्धी सफ्टवेयर निर्माण,मरम्मत तथा आपूर्ति र सूचना प्रविधिसँग सम्बन्धी विभिन्न परामर्श सेवा ।
७. फलफुल, विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य ।
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणहरु ।
९. खाजा, खाना, चिया,पानी आदी सेवा ।
१०. विज्ञापन प्रकाशन सम्बन्धी सेवा ।
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति,सबै डिजाइन आदी सेवा ।
१२. ईन्टरनेट सेवा ।
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम ।
१४. ईन्धन आपूर्ति गर्ने काम ।
१५. कार्यालयको कामको सिलसिलामा हुने सेवाहरु ।

कार्यालय प्रमुख

टप एन्ड टी-२० सिरिजमा नेपालको पहिलो जित, नन्दनले लिए ५ विकेट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ भदौं

अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी टप एन्ड टी-२० सिरिजमा नेपालले पहिलो जित निकालेको छ। आफ्नो चौथो खेलमा नेपालले होबार्ट हरिकेन्सलाई ६६ रनले हराएको हो। नेपालले दिएको १८१ रनको लक्ष्य पछ्याएको होबार्ट १६.१ ओभरमा ११४ रनमा अलआउट भयो । नेपालको जितमा नन्दन यादवले ३ ओभर बलिङ गर्दै १७ रन दिएर ५ विकेट लिए।

त्यस्तै कप्तान रोहित पौडेल, कुशल भुर्तेल, रिजन ढकाल र सन्दीप लामिछानेले १-१ विकेट लिए। होबार्टका लागि ब्राड होपले सर्वाधिक ३१ रन बनाए भने चार्ली वाकिमले २८ रन बनाउँदा जेन कर्टेन २० रनमा नटआउट रहे। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ७ विकेट गुमाएर १८० रन बनाएको थियो। नेपालका लागि आरिफ शेखले सर्वाधिक ३३ रन बनाए। आसिफ शेखले २९ तथा कुशल भुर्तेलले २७ रन बनाए । लोकेश बम ११ बलमा २५ रनमा अविजित रहे । नेपालले अतिरिक्त ३२ रन पाएको थियो । होबार्टका निभेथन राधाकृष्णनले ४ ओभरमा २० रन दिएर २ विकेट लिए । राफ मार्कमिलनले पनि २ विकेट लिँदा मार्कस बिन, गाब्रियल बेल र ब्राड होपले १-१ विकेट हात पारे । यसअघिका ३ वटै खेलमा पराजित भएको नेपालले पहिलो जित निकालेको हो।

नेपाल पहिलो खेलमा शुक्रबार एनटी स्ट्राइकसँग पराजित भएको थियो भने दोस्रो खेलमा शनिबार बंगलादेश ए सँग तथा तेस्रो खेलमा सोमबार मेलबर्न स्टार्ससँग पराजित भएको थियो।

अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

पञ्चायतअघि नै संविधानसभा गठन भएको भए के हुन्थ्यो ?

- २०१० सालतिर संविधानसभाको निर्वाचन भएको भए नेपाल उहिले नै संघीय गणतन्त्र राज्य भइसक्थ्यो र हामीले बीचको कैयौं दशकसम्म पर्खिनु पर्दैनथ्यो होला। संविधानसभा गठन नभएको कारण नेपालमा संविधान निर्माणमा ढिलाइ भएको थियो। यदि संविधानसभा ६/७ दशकअघि गठन भएको भए नेपाल संघीय गणतन्त्रमा छिटो प्रवेश गर्न सक्थ्यो। राजतन्त्रको अस्तित्व जोगाउनका लागि गरिएका प्रयासहरूले हजारौं मानिसको जीवनमा नकारात्मक प्रभाव पारेका छन्। पहिले संविधानसभाबाट संविधानको निर्माण हुन सकेन। दोस्रो निर्वाचनबाट २०७२ सालमा संविधान निर्माण हुन सक्यो। सोहीअनुसार २०७४ र २०७९ को निर्वाचनबाट संघीय संसद्, प्रदेशसभा र स्थानीय तहको निर्वाचन भए। सरकार बने।

यसबीचमा धर्मनिरपेक्षता र संघीय लोकतान्त्रिक गणतन्त्र थप संस्थागत भएको छ। संविधानसभाको सन्दर्भमा केही प्रश्न उठ्ने गर्छन्। जस्तै, के संविधानबिना मुलुकको शासन व्यवस्था चल्न सक्दैन ? संविधानसभाको विचार हामीमा किन र कसरी आयो ? हामीले संविधानसभाको निर्वाचन किन गऱ्यौं ? यदि संविधानसभाको निर्वाचन ६/७ दशकअघि नै भएको भए के-के हुन सक्थ्यो ? लोकतान्त्रिक मुलुकमा राज्यका विभिन्न अंग र निकायको सुसञ्चालन सजिलोसँग होस् भन्ने उद्देश्यले संविधान बनाउने परम्परा सुरु भएको हो। बेलायत एउटा यस्तो पुरानो लोकतान्त्रिक मुलुक हो, जहाँ कुनै पनि लिखित संविधान छैन। सायद त्यहाँ लोकतन्त्रको विकास क्रमशः भएकाले (राजाबाट अधिकार खोसेर जनतामा पुऱ्याउन समय लागेर) लिखित संविधानको आवश्यकता परेन। संयुक्त राज्य अमेरिका विश्वको सबैभन्दा पुरानो लोकतान्त्रिक मुलुक हो।

जसको सञ्चालन एउटा लिखित संविधानबाट हुँदै आएको छ। हुन त लोकतान्त्रिक व्यवस्था मानव जातिको राजनीतिक इतिहासमा बिलकुलै नयाँ धारणा हो, जो क्रमशः विकसित भएको हो। यसको विकास प्रक्रिया दोस्रो विश्वयुद्धपछि तीव्र हुँदै गएको देखिन्छ। नेपालमा पहिलो पटक संविधान शब्दको प्रयोग २०१५ सालको संविधानमा भएको पाइन्छ। त्यसअघि राणा प्रधानमन्त्री पद्मशमशेरले १२ माघ २००४ सालमा 'नेपालको वैधानिक कानुन' जारी गरेका थिए। त्यस्तै, २००७ सालमा 'आन्तरिक सरकार ऐन' बाट राज्य सञ्चालनको अवधारणा सार्वजनिक भएको थियो। नेपालको पहिलो संविधान 'नेपाल अधिराज्यको संविधान' हो, जो राजा महेन्द्रबाट जारी भएको थियो। महेन्द्रले १ पुस २०१७ मा जननिर्वाचित पहिलो प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको सरकारमाथि 'कू' गरेपछि २०१९ सालमा निर्दलीय संविधान लागू गरेका थिए। त्यससँगै २०१५ सालको संविधान खारेज भएको थियो। २०१९ सालको संविधान पनि २०४६ सालको जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ सँगै खारेज भएको थियो। २०४७ सालको संविधानअनुसार २०४८, २०५१ र २०५६ मा आमनिर्वाचन सम्पन्न भएका थिए। यसैबीच नेकपा माओवादीले २०५२ देखि सुरु गरेको सशस्त्र विद्रोह लगभग एक दशकसम्म चल्यो।

२०५८ मा तत्कालीन राजा वीरेन्द्रको वंशनाश भयो। राजा ज्ञानेन्द्र शाह गद्दीनसीन भए। केही समयपछि नै माओवादी र सात राजनीतिक दलबीच १२ बुँदे समझदारी भयो। यही बलमा २०६२/६३ मा दोस्रो जनआन्दोलन भयो। यसले २०५९ मा विघटन गरिएको संसद्लाई ब्युँतायो र माओवादीलाई राजनीतिक मूलधारमा ल्याएयो। अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार बन्यो। त्यसै अनुरूप २०६४ मा संविधानसभाको पहिलो निर्वाचन भयो। यस सन्दर्भमा एउटा उल्लेखनीय विषय छ, माओवादीको मुख्य माग थियो- वालिग मताधिकारबाट संविधानसभाको निर्वाचन होस्। जसकारण जनताले त्यस संविधानलाई आफ्नो मानोस्। माओवादीले संविधानसभाको माग किन गऱ्यो भन्ने प्रश्न हाम्रासामु छन्। तत्कालीन माओवादीका नाममा दुईवटा शब्द जोडिएका छन्- कम्युनिस्ट र माओवादी। कम्युनिस्ट पार्टीको तत्कालीन सोभियत रुस, जहाँ बोल्सेभिक क्रान्तिपछि कम्युनिस्ट सरकार स्थापित भएको थियो, त्यसप्रति अपनत्व राख्छन्। के त्यहाँ संविधानसभाबाट संविधान बनेको थियो त ? माओवादीको नाम चीनका माओत्से तुङको विचारधाराबाट प्रेरित छ। के चीनमा संविधानसभाबाट संविधान बनेको हो त ? यी दुवै मुलुकमा सर्वहाराको तानाशाही, जो एकदलीय तानाशाहीमा परिणत छ, त्यसका राजनीतिक दर्शनमा यी मुलुकहरू चल्दै छन्। हुन त खण्डित रुसमा केही परिवर्तन आएको छ। यस्तो पृष्ठभूमिमा दिल्लीमा १२ बुँदे समझदारीमा संविधानसभाका सर्तलाई किन समावेश गरे त ?

माओवादीका तत्कालीन शीर्ष नेतामा संविधानसभाको विचार कसरी आयो होला त ? माओवादीका नेताहरूले जनमतको महत्त्व बुझेको हुनाले वालिग मताधिकारका आधारमा संविधानसभाको निर्वाचनको मुद्दालाई अन्य सात दलको तुलनामा बढी महत्त्व दिए। सात दलमध्ये नेपाल सद्भावना पार्टीले संविधानसभाका मुद्दालाई पक्कै स्विकारेको हुनुपर्छ किनकि यस मुद्दालाई त्यस दलका संस्थापक दिवंगत नेता गजेन्द्रनारायण सिंहले उठाउनुहुन्थ्यो। कांग्रेसले यस मुद्दालाई २०१५ सालअगावै छोडिसकेको थियो। त्यसलाई नछोडेको भए २०१५ सालको संसदीय निर्वाचनमा किन सहभागी हुन्थ्यो त ? उसले त्यो निर्वाचन बहिष्कार गरेको भए के हुन्थ्यो ? जे होस्, कांग्रेसका तत्कालीन सभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले १२ बुँदे समझदारीका क्रममा पक्कै संविधानसभाको मुद्दा उठाएनन्। उनको एक मात्र उद्देश्य सत्ता प्राप्त गर्नु थियो। जसमा उनी सफल पनि भए।

साभार : कान्तिपुर।

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।

सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि शुंकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

Computer Class & English Language	Coaching Class	Tuition Class	Entrance Preparation	Bridge Course
	6,7,8,9,10	+2 Science +2 Management	• H.A. • Staff Nurse • D-Pharmarcy • CMLT (Lab) • Opthalmic Science • Diploma in Civil, Electrical Mechanical Engineering • Lab Technician	• Science • Management • CMAT Preparation

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (३) शिक्षक सेवा (५) शिक्षा सेवा (७) स्वास्थ्य सेवा
(२) प्रहरी सेवा (४) बैंक सेवा (६) महिला विकास (८) प्राविधिक सेवा
हाम्रो विशेषताहरू
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरूका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरूका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था।

9854025530 / 9824885783

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday